**Series JSR**

**SET-4**

कोड नं.
**Code No. 17**

रोल नं.
**Roll No.** | | | | | | | |

परीक्षार्थी कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें।
Candidates must write the Code on the title page of the answer-book.

- कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में मुद्रित पृष्ठ **5** हैं।
- प्रश्न-पत्र में दाहिने हाथ की ओर दिए गए कोड नम्बर को छात्र उत्तर-पुस्तिका के मुख-पृष्ठ पर लिखें।
- कृपया जाँच कर लें कि इस प्रश्न-पत्र में 8 प्रश्न हैं।
- **कृपया प्रश्न का उत्तर लिखना शुरू करने से पहले, प्रश्न का क्रमांक अवश्य लिखें।**
- इस प्रश्न-पत्र को पढ़ने के लिए 15 मिनट का समय दिया गया है। प्रश्न-पत्र का वितरण पूर्वाह्न में 10.15 बजे किया जाएगा। 10.15 बजे से 10.30 बजे तक छात्र केवल प्रश्न-पत्र को पढ़ेंगे और इस अवधि के दौरान वे उत्तर-पुस्तिका पर कोई उत्तर नहीं लिखेंगे।
- Please check that this question paper contains **5** printed pages.
- Code number given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.
- Please check that this question paper contains **8** questions.
- **Please write down the Serial Number of the question before attempting it.**
- 15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the students will read the question paper only and will not write any answer on the answer-book during this period.

# संकलित परीक्षा - II
# SUMMATIVE ASSESSMENT - II
# नेपाली
# NEPALI

*निर्धारित समय : 3 घण्टे* — *अधिकतम अंक : 90*
*Time allowed : 3 hours* — *Maximum Marks : 90*

***THE QUESTION PAPER IS DIVIDED INTO FOUR SECTIONS :***

| | | | |
|---|---|---|---|
| Section A : Reading Comprehension | (पठन बोध) | 10 Marks |
| Section B : Writing | (लेखन) | 10 Marks |
| Section C : Grammar | (व्याकरण) | 21 Marks |
| Translation | (अनुवाद) | 5 Marks |
| Section D : Literature | (साहित्य) | 44 Marks |

**SECTION - A (Reading Comprehension)**

**खंड - क ( पठन बोध )**

**1.** निम्न परिच्छेद पढ़ेर सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् : **2x5=10**

भारतीय संस्कृतिको इतिहास बहुतै प्राचीन हो। यसलाई जान्न भन्दा पहिला संस्कृत शब्दको सम्झना (स्मरण) गर्न आवश्यक छ। संस्कृतिको सामान्य अर्थ हो - मानव जीवनको दैनिक आचार-व्यवहार, रहन-सहन तथा क्रिया-कलाप आदि। वास्तवमा संस्कृतिको निर्माण एउटा लामो परम्परा बादमा हुन्छ। संस्कृति विचार अनि आचरणको त्यो नियम र मूल्य हो जो कुनै समाजले आफ्नो अतीतबाट प्राप्त गर्छ। यसैले भनिन्छ हामीले आफ्नो संस्कृतिलाई अतीतबाट विरासतको रूपमा प्राप्त गर्छौं। दोस्रो शब्दमा भनौं भने त संस्कृति एक विशिष्ट जीवन शैलिको नाम हो। यो एक सामाजिक विरासत हो जो परम्पराबाट चलिआइरहेको छ।

प्राय: सभ्यता र संस्कृतिलाई एउटै मानिन्छ तर यसमा भेद छ। सभ्यतामा मनुष्यका जीवनको भौतिक पक्ष प्रधान छ अर्थात् सभ्यताको अनुमान भौतिक सुख-सुविधाहरूबाट लगाउन सकिन्छ। यसको विपरीत संस्कृतिमा आचार र विचार पक्षको प्रधानता हुन्छ। यसैले सभ्यतालाई शरीर भनिन्छ भने संस्कृतिलाई आत्मा। यसर्थ यी दुवैलाई अलग गरेर हेरिँदैन। वास्तवमा दुवै एका-अर्काका पूरक हुन्।

(क) संस्कृति शब्दको सामान्य अर्थ के हो?

(ख) संस्कृतिको नियम र मूल्य कहाँबाट प्राप्त हुन्छ?

(ग) संस्कृति र सभ्यतामा के अन्तर छ र यी कसरी एका-अर्काका पूरक हुन्?

(घ) वाक्य बनाऊ : विरासत, भौतिक, सभ्यता, अतीत।

(ङ) वाक्यको अर्थ लेख्नु होस् : यसैले सभ्यतालाई शरीरभनिंछ भने संस्कृतिलाई आत्मा।

## SECTION - B (Writing)

## खंड - ख ( लेखन )

2. घरमा दाजुको विवाहको कारणले गर्दा पाठशालामा दुइदिन उपस्थित हुन नसक्ने कुरा जनाउँदै प्रधान अध्यापकलाई छुट्टीका निम्ति एउटा निवेदन् पत्र लेख्नुहोस्। **10**

## SECTION - C (Grammar & Translation)

## खंड - ग ( व्याकरण र अनुवाद )

3. नेपालीमा अनुवाद गर्नुहोस्। **5**

    (i) I did this with his permission.

    (ii) He finished first though he began last.

    (iii) Boys like to play football.

    (iv) Having heard this News he became sad.

    (v) Truth wins in the long run.

4. निम्न विविध शब्दहरूका प्रश्नअनुसार उत्तर दिनुहोस्।

    (क) तलका शब्दहरूका अर्थ लेख्नुहोस् ; **2**

    उनी-ऊनी, चरण-चरन।

    (ख) निम्न शब्दहरूका दुइ-दुइवटा पर्यायवाची शब्द लेख्नुहोस् : **2**

    अन्दाज, कलङ्क।

    (ग) सार शब्द लेख्नुहोस्। **2**

    जो सबै कुरा खान्छ -

    काम गर्नमा ढीलो -

    एकै गुरुको शिष्य -

    जसको उपमा छैन -

(घ) विपरीतार्थक शब्द लेख्नुहोस्। (**एक-एकवटा**) **2**

आस्तिक -

सचेत -

न्याय -

उचित -

(ङ) निम्न शब्दहरूका **दुइ-दुइवटा** अनेकार्थक शब्द लेख्नुहोस्। **2**

मान, उत्तर।

(च) वाक्य परिवर्तन गर्नुहोस् : **1x3=3**

(i) महाराजबाट स्याबासी र इनाम दुवै बक्सियो। (संयुक्त वाक्यमा)

(ii) जो चोर छ, त्यसलाई पुलीसले पक्रन्छ। (सरल वाक्यमा)

(iii) नपढ्नेहरू सधैं गफ मात्र गरिरहन्छन्। (मिश्र वाक्यमा)

(छ) तलका वाक्यलाई निर्देशअनुसार रूपान्तर गर्नुहोस् : **1x4=4**

(i) धन पाए जो पनि खुसाउँछन्। (अकरण वाक्यमा)

(ii) त्यहाँ मैले नै जानुपर्‍यो। (अकरण वाक्यमा)

(iii) म आज स्कूल गइनँ। (करण वाक्यमा)

(iv) मेरो सहायता गर्ने तिमीबाहेक अरू कोही छैन। (करण वाक्य)

(ज) तलका अशुद्ध वाक्यलाई शुद्ध गरेर लेख्नुहोस् : **1x4=4**

(i) अहिले त्यो घरमा हुदैन।

(ii) मनपरी गर्न पाइन्दैन।

(iii) पोहोर चौपट्टै रमाइलो भएको छ।

(iv) मेरी बहिनी सानि र दुब्लो छ।

## SECTION - D (Literature)

## खंड - घ ( साहित्य )

5. (क) निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस्। **4x3=12**

   (i) कालेकी आमाले गाउँदेखि शहरतिर बसाइँ सर्ने निर्णय लिनको पछाड़ि कस्ता कारणहरू लुकेका थिए ?

   (ii) डाक्टर नानोको प्रयोगशालामा जन्मिएकी क्लोरिनासित फेरसको वैवाहिक जीवन किन दिगो रहन सकेन ?

   (iii) 'मन' - नाटकद्वारा नाटककारले हामीलाई के सन्देश दिन चाहेका छन् ?

   (ख) सप्रसङ्ग व्याख्या गर : **4**

   "काँटी-लामो काँटी-ल्याउन नभुल्नु है, याँ दिनभरि सब ठोक्नुपर्छ।"

6. तलका कुनै चार प्रश्नका उत्तर लेख्नुहोस्। **4+3+5=12**

   (क) 'छोरोलाई' नामक कवितामा कविले छोरोलाई किन विषको भाँड़ो जस्तो बनिदिने सल्लाह दिन्छन् ?

   (ख) मानिसले के-कस्ता कर्म गर्दा वास्तवमा ईश्वर खुशी हुने गर्दछन् ?

   (ग) 'यात्री' कविताको सारांश लेख्नुहोस्।

7. तलका कुनै **चार** प्रश्नका उत्तर दिनुहोस्। **3x4=12**

   (क) 'प्रायश्चित' कथामा कसले किन प्रायश्चित गरेको छ ?

   (ख) सोनामणिको मृत्युको रहस्य थाहा पाउँदा-पाउँदै पनि चरणकी आमा किन चुपचाप बसिन् ?

   (ग) 'हवल्दार' कथाको 'मूल' पात्र हवल्दारको चरित्र चित्रण गर्नुहोस्।

   (घ) लक्ष्मीले आफ्नो मनको पीर र व्यथाहरू किन आफ्नी छोरीलाई सुनाउन चाहिनन् ?

   (ङ) बाबुको बन्दुक लिएर कमल किन आफ्नो दाजु श्यामको कोठामा पसेकी थिई ?

8. इन्द्रबहादुर राईको परिचय दिँदै उनका कुनै तीनवटा कृति र उनले पाएका सम्मानहरूको नाम लेख्नुहोस्। **4**